# द्वन्द्व पीडित साझा चौतारी

## Conflict Victims Common Platform (CVCP)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

स्था: २०७१


१६ माघ २०७५

## संक्रमणकालीन न्यायसम्बन्धी ऐनको प्रस्तावित संशोधन सन्दर्भमा जारी

## प्रेस विज्ञप्ति

बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को संशोधनमार्फत संक्रमणकालीन न्याय सम्बन्धी दुई आयोगहरुको अवधि एक वर्ष थप गर्ने एवम् पदाधिकारीहरुको कार्यकाल आगामी चैत्र मसान्तसम्म कायम रहने गरी संशोधन विधेयक नेपाल सरकारले संघीय संसदमा दर्ता गरेको प्रति द्वन्द्व पीडित साझा चौतारीको गम्भीर ध्यानाकर्षण भएको छ । प्रस्तावित संशोधनले चौतारीको माग वमोजिम दुई आयोगहरुको पुनर्संरचना गर्न, संक्रमणकालीन न्यायसम्बन्धी समग्र प्रक्रियामा पीडितको सहभागिता सुनिश्चित गर्न एवम् विद्यमान कानूनको संशोधन गर्न अवसर सिर्जना गरेको चौतारीको धारणा रहेको छ ।

द्वन्द्व पीडितको तर्फबाट यस चौतारीले लामो समयदेखि नेपाली राष्ट्रिय नेतृत्वमा नै संक्रमणकालीन न्यायको विश्वसनीय र पारदर्शी प्रक्रिया हुनुपर्ने, सर्वोच्च अदालतले बिभिन्न समयमा गरेका फैसला, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा अनुबन्ध समेतका आधारमा प्रक्रिया पुनरावलोकन हुनुपर्ने माग गर्दै आएको थियो । गत मंसीर ५ गते विस्तृत शान्ति सम्झौताले बाह्र वर्ष पुरा गरेको अवसरमा चौतारीको राष्ट्रिय सम्मेलनद्वारा जारी बडापत्रले यिनै आधार सहित विद्यमान् संक्रमणकालीन न्याय प्रक्रियाको पुनरावलोकन सहितको बृहत मार्गचित्र सार्वजनिक गरिसकेको वास्तविकता पुन स्मरण गर्न चाहन्छौं । वडापत्रले अघि सारेका विषयलाई सम्बोधन गर्न सरकारको यो पछिल्लो प्रस्तावित संशोधन विधेयकले संभावनाको ढोका खोलेको छ ।

यसै सन्दर्भमा नेपाली नेतृत्वमा नै पारदर्शी र बृहत्तर प्रक्रियाद्वारा संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रत्येक चरण र प्रक्रियामा द्वन्द्व पीडितहरुको अनिवार्य सहभागिता सुनिश्चित गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं । द्वन्द्व पीडित वडापत्रको भावना वमोजिम संक्रमणकालीन न्यायको समग्र प्रक्रियाको पुनरावलोकन, सवै सरोकारवालाहरुसँगको अर्थपूर्ण संवाद, सहकार्य र व्यापक परामर्शका लागि पीडित सहितको विश्वसनीय संयन्त्र निर्माण, कानून संशोधन, आयोगहरुको विश्वसनीय ढंगले पुनर्संरचना गरी स्वतन्त्र र निष्पक्ष आयोग गठन एवं परिपूरण, संस्मरण, मेलमिलाप नीति तर्जुमा गर्ने प्रक्रिया तत्काल शुरु गर्न जोडदार माग गर्दछौं ।


जनकबहादुर राउत
महासचिब
९८५७०४७०६२

भागीराम चौधरी
अध्यक्ष
९८५८०२७७४७